नेपाल शान्ति प्रतिष्ठान

दमननाथ ढुंगाना

स्टेला तामाङ्ग

पद्मरत्न तुलाधार

विद्याधर मल्लिक

वीरेन्द्र मिश्र

विष्णु सापकोटा

सजना महर्जन

पंकज अधिकारी

सुजन राई

**२०७२ भाद्र १५ गते**
**काठमाडौं ।**

संविधानको प्रस्तावित मस्यौदासंग असन्तुष्ट राजनीतिक दल र समूहद्वारा पछिल्ला केही दिनमा देशका विभिन्न स्थानमा भईरहेका प्रदर्शनहरु र सो क्रममा सरकारबाट चालिएका कदमहरुले सिर्जित हिंसा/प्रतिहिंसामा कैयौंको मृत्यु भएको र धेरै घाइते भएको परिस्थितिले नेपाली समाजमा कायम सद्भाव र शान्ति खल्बलिएकोमा हामी गम्भिर रुपमा चिन्तित भएका छौं ।

यस्तो परिस्थीतिमा हामी सरकार, आन्दोलनरत राजनीतिक दल र समूहहरु, नागरिक समाज, आम युवा र सर्वसाधारणलाई संयमता अपनाउन विनम्र अनुरोध गर्दछौं । साथै, आन्दोलनरत पक्षलाई विरोध प्रदर्शन हिंसात्मक हुन नदिन र सरकारलाई बल प्रयोग नगर्न अनुरोध गर्दछौं ।

जारी आन्दोलनबाट आम जनताको दैनिकी दिनानुदिन कष्टकर बन्दै गएको स्थितिमा नेपाल सरकार र मुख्य राजनीतिक दलहरुलाई आन्दोलनरत पक्षसंग सार्थक वार्ताको लागि आपसी विश्वासयुक्त वातावरण बनाउन र अन्दोलनरत पक्षलाई वार्ताको माध्यमबाटै समस्याको समाधान खोज्न हार्दिक अपिल गर्दछौं ।

नेपाल शान्ति प्रतिष्ठान, गहनापोखरी, काठमाडौं, नेपाल ।
फोन: ४४३६५१२ फ्याक्स : ४४३७६३७